Date
Page

आज मिती २०७४ साल चैत्र २३ गतेका दिन यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

तपसिल

श्री भुपेन्द्र ब० चन्द, नग प्रमुख
श्री रेणु आचार्य, नग उपप्रमुख
श्री नवराज कार्की, वडा नं० १ अध्यक्ष
श्री नन्द ब० बुढा, ,, २ ,,
श्री भीम ब० सुनार ,, ३ ,,
श्री महाविर खत्री ,, ४ ,,
श्री प्रेम ब० शाह ,, ५ ,,
श्री बल ब० खड्का ,, ६ ,,
श्री कर्ण ब० मिजार ,, ७ ,,
श्री पदम ब० खत्री ,, ८ ,,
श्री लक्ष्मन राना ,, ९ ,,
श्री मान ब० बुढामगर ,, १० ,,
श्री तिलकराम डाँगी ,, ११ ,,
श्री हरि प्र० कडेल ,, १२ ,,
श्री टिकाराम सुवेदी ,, १३ ,,
श्री रमना दमाई, कार्य पा० सदस्य
श्री शेर ब० कामी ,,
श्री खिम ब० कामी ,,
श्री भुमिकला सुनार ,,
श्री मोतिधरा खत्री ,,
श्री प्रतिक्षा वि.क. ,,
श्री विष्णु खत्री ,,
श्री रविम कु० राना ,,
श्री मान ब० ओडा, नि० प्र० प्र० अ०
श्री कुल ब० खड्का, नि० प्र०
श्री जीवन खो० लेखापाल
श्री विरेन्द्र सिंह शाही
श्री डिल्ली पाडेल
श्री रेविका परियार - सेविका
श्री कृष्ण बहादुर - साही

**प्रस्ताव नं. १ :** नगरपालिकाको केन्द्र तोक्ने सम्बन्धमा।

निर्णय नं. १ : यस नगरपालिकाको केन्द्रको सन्दर्भमा विगतको निर्णयमा पानढल भएको र हाल लेखपराजुल समेत गाभिन आएकोले पानढल, जहरे बिसाउना गोगनपानी मदानीचौर छिन्चु समेतलाई समेट्ने गरी **हालको प्रशासनिक भवन रहेको छिन्चु** १२ लाई नगरपालिकाको प्रशासनिक केन्द्र तोक्नका लागि प्रदेश सरकारमार्फत नेपाल सरकारलाई आग्रह गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :** बिरामीको औषधी उपचार खर्च सम्बन्धमा ।

निर्णय नं. २ : यस नगरपालिकाका दुखी, असहाय बिरामी नागरिकहरुलाई नगर प्रमुखले अवस्था हेरेर २५ हजारमा नबढ्ने गरी प्रदान गरिएको औषधी उपचार खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै अत्यावश्यक अवस्थामा आर्थिक सहयोगको अवस्थामा २५ हजार नबढ्ने गरी प्रदान गर्नका लागि नगर प्रमुखलाई अधिकार दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :** वडा कार्यालय व्यवस्थापनसम्बन्धमा ।

निर्णय नं. ३ : यस नगरपालिकाका सबै वडा कार्यालयहरु व्यवस्थापनका लागि वडासँगको समन्वयमा ल्यापटप (१५ वटा), डेस्कटप कम्प्युटर, सोफा, कुर्सीहरु (२० थान), माइक, टेबुल, दराज, कार्पेट, सोलार (लेखपराजुल), फयान (२ वटाका दरले) का साथै आवश्यकताअनुसारका सामाग्रीहरु खरिद गर्ने र सो कार्यका लागि संघीय संरचना पूर्वाधार बिकास कार्यक्रमको बचत रकम र अन्य शिर्षकबाट गर्ने निर्णय गरियो ।साथै कार्यालयको लेखाशाखामा मोटरसाइकल आवश्यक परेकोले एउटा मोटरसाइकल खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :** पोशाक सम्बन्धमा ।

निर्णय नं. ४ : यस नगरपालिकाका सबै निर्वाचित पदाधिकारीहरुलाई ७५०० का दरले साथै हालका ज्यालादारीमा राखिएका कर्मचारीहरुलाई २५०० का दरले पोशाक भत्ता अध्ययन अवलोकन शिर्षक र अन्य भत्ताबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :** टोल विकास संस्थाको खर्च रकम रकम सम्बन्धमा ।

निर्णय नं. ५ : यस नगरपालिकाकाविभिन्न टोलहरु पूर्ण सरसफाई उन्मुख घोषणा गर्दाका लागि लागेको वडा नं. ४ मा रहेका नमूना टोल विकास संस्था (१० हजार), हरियाली टोल विकास संस्था (१० हजार), हात्तिसुडे टोल विकास संस्था (१० हजार), ठुटे पिपल टोल विकास संस्था (१० हजार), शक्तिमान टोल विकास संस्था (२५ हजार) र १२ मा रहेको हरियाली टोल विकास संस्था (३० हजार) रकम प्रवर्द्धनात्मक शिर्षकबाट रकम प्रदान गर्ने निर्णय गरियो । साथै अबका दिनमा औचित्यका आधारमा बढीमा १० हजारका दरले मात्र दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :** खेलकुद समिति गठन सम्बन्धमा ।

निर्णय नं. ६ : यस नगरपालिकाको वडाहरुमा समग्र खेलकुदलाई हेर्ने गरी ९ सदस्यीय समिति गठन गर्ने साथै सोही समितिको अध्यक्षहरुबाट नगरस्तरिय खेलकुद समिति गठन गर्ने निर्णय गरियो। साथै २ जना नगरबाट मनोनित हुने गरी १५ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :** सहयोग रकम सम्बन्धमा ।

निर्णय नं. ७ : यस नगरपालिकाको वडा नं. ११ मा घर भएका अर्जुन थापाले विगतमा यस नगरपालिकाबाट मासिक ५५० रुपैयाँ प्राप्त गर्दै आएकोले अब आगामी तीन बर्षका लागि मासिक १००० का दरले रकम उपलब्ध गराउने निर्णय गरियो । साथै त्यसभन्दा पछि नगरपालिकाले रकम दिन नसक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९** : कल्भर्ट सम्बन्धमा ।

निर्णय नं. ९ : यस नगरपालिकाको प्रथम नगर सभाबाट पारित कल्भर्टहरु क्रमश : बबई हात्तिखाल भुटनडाडा खोला कल्भर्ट, गेरुवानी जाने मिर्मिरे खोला, देउतीखोला कल्भर्ट सन्त बहादुर घर नजिक, बाजखोला कल्भर्ट निर्माण गर्ने साथै कल्भर्ट रकम बचत भएमा क्रमश : देउतीखोला कल्भर्टका साथै प्राथमिकता बाँकी कल्भर्टहरु निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०** : बधशालाको रकम संशोधनसम्बन्धमा ।

निर्णय नं. १० : यस नगरपालिकाको प्रथम नगरसभाबाट बधशाला शिर्षकमा छुट्याएको रकमलाईसंशोधन गर्दै हरित पार्कमा पूर्वाधार निर्माण, पिपलपानी हाल्ने ठाउँ निर्माण, धारा निर्माण लगायतमा खर्च गर्ने गरी आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो । साथै हरित पार्कको गुरुयोजना निमाणका लागि आवश्यक प्रक्रिया अँघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११** : बागिना स्थापनाछिन्चुको रकम संशोधन सम्वन्धमा ।

निर्णय नं. ११ : यस नगरपालिकाको प्रथम नगरसभाबाट संस्कृति प्रवर्द्धनका लागि बागिना स्थापना छिन्चुको लागि ३ लाख रकम विनियोजन भएकोमा समय अभावका कारण सो कार्यक्रमको रकमलाई १ लाख बबईमा गेरुवानी र हात्तिखाल आमा समूह भवनको लागि र २ लाख वडा नं. ७ मा सामुदायिक भवनका लागि विनियोजन गरी आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२** : राष्ट्रिपती रनिङ्ग शिल्ड रानीबासमा हुन गईरहेकोमा रकम विनियोजन सम्वन्धमा ।

निर्णय नं. १२ : सुर्खेत खेलकुद समितिलाई राष्टिपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि ६० हजार रुपैयाँ खेलकुद तथा पूर्वाधार शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३** :वातावरण संरक्षणको रकम संशोधन सम्बन्धमा ।

निर्णय नं. १३ : वातावरण संरक्षण तथा पूर्वाधार निर्माणको बाँकी रहेको १९ लाख रकममध्ये २ लाख रकमलाई भेरी उद्योग बाणिज्य संघलाई शवदाहा निर्माणका लागि विनियोजन गर्ने निर्णय गरियो । साथै बाँकी रहेको रकमलाई २ लाख वडा नं. १३ मा ज्यामिरे शवदाहास्थल प्रतिक्षालय निर्माण, १ लाख ५० हजार वडा नं. १ को ने.रा.मा.वि भन्याङ्गमा तटबन्धनको लागि, कुहिरे खोलामा पुलको साइडमा संरक्षण वालका लागि २ लाख विनियोजन गर्ने निर्णय गरियो । साथै रामघाट, छिन्चु, जहरेका क्षेत्रमा फोहोर व्यवस्थापनका लागि कन्टेनर (प्लाष्टिक) को राख्नका लागि १ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो । नगरमा वृक्षारोपण तथा वातावरण संरक्षणमा ३ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो । साथै नगरमा रहेका विद्युतका पोलहरु सार्नका लागि वडा कार्यालयको विवरण तथा सिफारिसका आधारमा वडा नं. ५ को तोलीखोला, ६ को भिंनी, ८ को लोदे, ९ शान्तिपुर, ठूलोजात्री ११ को रोल्पादलीटोल, १२ को मसिना, ठकुरीगाउँ, तल्लोबजारलगायतका पोलहरु सार्नका लागि १ लाख ५० हजार रुपैया विनियोजन गर्ने निर्णय गरियो । भूमिकला आमा समूहको भवनका लागि वडा ४ मा ३ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो । साथै भेरीगंगा १०को थानीचौरको पुरानो पुल मर्मत र करलेको ढल निकासका लागि ३ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।